अनुसूची २

(दफा ४ तथा अनसूची १ को भाग २ सँग सम्बन्धित)

चुमनुब्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ५ मिति : २०८३/०३/०९

**भाग-२**

# चुमनुब्री गाउँपालिका श्याग्या परम्परा संरक्षण कार्यविधि २०८३

**चुमनुब्री गाउँपालिका**
**सिर्दिवास, गोरखा**
**गण्डकी प्रदेश**

## चुमनुब्री गाउँपालिका श्याग्या परम्परा संरक्षण कार्यविधि २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०३।०८ गते

चुमनुब्री गाउँपालिकाको श्याग्या परम्परा संरक्षण ऐन, २०७९ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी चुमनुब्री गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम श्याग्या परम्परा संरक्षण कार्यविधि २०८३" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) " ऐन" भन्नाले श्याग्या परम्परा संरक्षण ऐन, २०७९ लाई जनाउँदछ ।

(ख) "श्याग्या परम्परा लागु हुने क्षेत्र" भन्नाले श्याग्या संरक्षण समूहले ऐनको दफा ३ बमोजिम श्याग्या परम्परा लागु हुने क्षेत्र भनी निर्धारण गरी गाउँ कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रलाई जनाउँदछ ।

### परिच्छेद २
### श्याग्या परम्परा लागु हुने क्षेत्रको घोषणा र व्यवस्थापन

३. **श्याग्या परम्परा लागु हुने क्षेत्र घोषणाका लागि सामुहिक भेलाको आयोजनाः** (१) हाल श्याग्या परम्परा लागु भएका क्षेत्र बाहेक गाउँपालिकाको अन्य क्षेत्रमा ऐनको दफा ३ को उपदफा (३) बमोजिम श्याग्या परम्परा लागु हुने क्षेत्र निर्धारणका लागि सम्बन्धित क्षेत्रमा श्याग्या परम्पराका विषयमा जानकार वा रुची राख्ने आदिवासी जनजाति समुदायका व्याक्तिहरुले सबै घरधुरीहरुका प्रतिनिधिहरुको सामुहिक भेला आयोजना गरी उक्त क्षेत्रमा ऐनको दफा ५ बमोजिम प्रथाजनित संस्थाको रुपमा श्याग्या संरक्षण समूह गठन गर्न सक्ने छन् ।

(२) श्याग्या संरक्षण समूह गठन र श्याग्या परम्परा लागु गर्ने क्षेत्र निर्धारणका लागि सामुहिक भेला आयोजना गर्दा ऐनको दफा ३ को उपदफा (५) मा उल्लिखत व्यवस्थाका साथै देहायका कुराहरुमा पनि ध्यान दिनु पर्नेछः

(क) गुम्बाका धर्मगुरु र लामाहरुसँग परामर्श गर्ने ।

(ख) आदिवासी जनजाति समुदायका प्रथाजनित संस्थाहरु र स्थानीय समुदायका प्रतिनिधिहरुसँग श्याग्या परम्परा लागु गर्ने क्षेत्र निर्धारणका विषयमा राय सुझाव लिने ।

(ग) सम्बन्धित क्षेत्रका वडा अध्यक्ष वा वडा सदस्यहरुलाई श्याग्या परम्परा लागु गर्ने क्षेत्र निर्धारणका विषयमा जानकारी गराई आवश्यक राय सुझाव लिने ।

(घ) श्याग्या परम्परा लागु गर्ने क्षेत्रमा पालना हुने पञ्चशिलका सिद्धान्त, निषेधित कार्य र आचार संहिताका विषयमा प्रचार प्रसार गर्ने ।

४. **श्याग्या परम्परा लागु हुने क्षेत्र घोषणा बारे गाउँपालिकामा जानकारी दिने:** (१) दफा ३ बमोजिम आयोजना गरिएको सामुहिक भेलाबाट ऐन र यस कार्यविधि बमोजिम श्याग्या परम्परा लागु हुने क्षेत्र घोषणा गर्ने निर्णय गरेमा देहायको विवरण सहित अनुसूची १ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष जानकारी दिनु पर्नेछः

(क) श्याग्या परम्परा लागु हुने क्षेत्र घोषणा गर्ने विषयमा सामुहिक भेलाबाट गरिएको निर्णयको प्रतिलिप

(ख) श्याग्या परम्परा लागु हुने क्षेत्रको चार किल्ला ।

(ग) श्याग्या संरक्षण समूहका पदाधिकारीको नाम र ठेगाना ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणका आधारमा गाउँपालिकाले अनुसूची २ बमोजिमको ढाँचामा ऐनको दफा ३ को उपदफा (४) बमोजिम स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी श्याग्या परम्परा लागु हुने क्षेत्र घोषणा गर्नु पर्नेछ ।

(३) यो कार्यविधि लागु हुनुपूर्व श्याग्या परम्परा लागु हुने क्षेत्र घोषणा भएको भएमा उपदफा (१) बमोजिमको विवरण प्राप्त गरी उपदफा (२) बमोजिम स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी श्याग्या परम्परा लागु भएको क्षेत्र घोषणा गर्नु पर्नेछ ।

५. **श्याग्या परम्परा लागु भएको क्षेत्रमा स्वतन्त्र पूर्वसूचित सहमति (एफपीआइसी) लिने प्राकृया:** ऐनको दफा ३ को उपदफा (६) अनुसार कुनै पनि बाह्य पक्षले श्याग्या परम्परा लागु हुने क्षेत्रका आदिवासी जनजाति समुदायको स्वतन्त्र पूर्वसूचित सहमति लिनु परेमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा पारित *आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारीसहितको मन्जुरी राष्ट्रिय कार्यान्वयन निर्देशिका २०८०* मा उल्लिखित प्रकृयाहरुको अवलम्बन गर्नु पर्नेछ ।

६. **प्रथाजनित नियम तथा सामुदायिक आलेख (कम्यूनिटी प्रोटोकल) मा उल्लेख गर्न सकिने व्यवस्थाहरु:** श्याग्या संरक्षण समितिले प्रथाजनित नियमहरूलाई अभिलेखिकरण गर्दा वा प्रथाजनित नियमलाई समय सापेक्षित र परिमार्जित गरी नयाँ नियम वा सामुदायिक आलेख (कम्यूनिटी प्रोटोकल) तर्जुमा गर्दा अनुसूची ३ बमोजिमको ढाँचा प्रयोग गर्न सक्नेछ ।

तर प्रथाजनित नियम बनाउनका लागि लिखित दस्तावेज नै बनाउन अनिवार्या वा बाध्यात्मक भने हुने छैन ।

## परिच्छेद ३
## विविध

७. **श्याग्या संरक्षण समितिको दर्ता प्रमाणपत्रः** (१) गाउँपालिकामा दर्ता भएको श्याग्या संरक्षण समितिलाई गाउँपालिकाले अनुसूची ४ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता प्रमाण पत्र प्रदान गर्दा गाउँपालिकाले रू ५०० प्रमाणपत्र दस्तुर लाग्नेछ ।

(३) श्याग्या संरक्षण समिति एक प्रथाजनित संस्था भएकोले यसको दर्ता प्रमाणपत्र नवीकरण गर्नु पर्ने छैन ।

८. **श्याग्या संरक्षण समितिको साझा चिन्हः** सबै श्याग्या संरक्षण समितिले प्रयोग गर्ने साझा चिन्ह अनुसूची ५ बमोजिम हुनेछ।

९. **प्रचार प्रसारः** श्याग्या संरक्षण समितिले पञ्चशिलका सिद्दान्तहरु, श्याग्या परम्परा लागु भएको क्षेत्रमा निषेध गरिएका कार्यहरु, प्रथाजनित नियम तथा सामुदायिक आलेख (कम्यूनिटी प्रोटोकल) मा उल्लेख गरिएका मुख्य विषयहरु समेटिएका व्यहोरा उल्लेख गरी प्रचार प्रसार सामग्रीहरु तयार गरी प्रचार प्रसार गर्न सक्नेछ।

१०. **बाझिएमा गर्नेः** यस कार्यविधिमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यस कार्यविधिका सम्बन्धित दफाहरु निष्कृय रहने छन्।

**अनुसूची १**

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**श्याग्या परम्परा लागु हुने क्षेत्र घोषणा गरेको विषयमा गाउँपालिकामा पेश गर्ने विवरणको ढाँचा**

श्री अध्यक्षज्यू
चुमनुब्री गाउँपालिका
गोर्खा

उपरोक्त विषयमा यस गाउँपालिकाको वडा नम्बर …….. का हामी स्थानीय वासिन्दाहरुको मिति ………………………. मा सम्पन्न भएको सामुहिक भेलाले यस गाउँपालिकाको वडा नम्बर …….. मा रहेको देहायको चार किल्ला भित्रको क्षेत्रलाई श्याग्या परम्परा लागु हुने क्षेत्रको रुपमा घोषणा गर्ने निर्णय गरेकोले श्याग्या परम्परा संरक्षण ऐन, २०७९ बमोजिम उक्त क्षेत्रलाई *श्याग्या परम्परा लागु हुने क्षेत्र*को रुपमा घोषणा गरी स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी पाउः

**सलग्न कागजातहरु**

(क) श्याग्या परम्परा लागु हुने क्षेत्र घोषणा गर्ने विषयमा सामुहिक भेलाबाट गरिएको निर्णयको प्रतिलिपि

(ख) श्याग्या परम्परा लागु हुने क्षेत्रको चार किल्लाः

पूर्वः
पश्चिमः
उत्तरः
दक्षिणः

(ग) श्याग्या संरक्षण समूहका पदाधिकारीको नाम र ठेगानाः

१. अध्यक्ष
२. उपाध्यक्ष
३. सचिव
४. कोषाध्यक्ष
५. सदस्य

निवेदक

**अनुसूची २**

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**श्याग्या परम्परा लागु हुने क्षेत्र घोषणा सम्बन्धी सार्वजनिक सूचनाको ढाँचा**

यस गाउँपालिकाको वडा नम्बर …….. का स्थानीय वासिन्दाहरुको मिति ……………………… मा सम्पन्न भएको सामुहिक भेलाले देहायको चार किल्ला भित्रको क्षेत्रलाई श्याग्या परम्परा लागु हुने क्षेत्रको रुपमा घोषणा गरेकोले सम्बन्धित समुदाय र सर्वसाधारण सबै सरोकारलाहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छः

श्याग्या परम्परा लागु हुने क्षेत्रको चार किल्ला देहाय बमोजिम रहेको छः

पूर्वः

पश्चिमः

उत्तरः

दक्षिणः

माथि उल्लिखित श्याग्या परम्परा लागु हुने क्षेत्रमा अहिंसा सम्बन्धी पञ्चशिलका सिद्दान्तका साथै श्याग्या परम्परा संरक्षण ऐन, २०७९ र उक्त ऐनको दफा ४ बमोजिम तर्जुमा गरिएका प्रथाजनित नियम तथा सामुदायिक आलेख (कम्यूनिटी प्रोटोकल) मा उल्लिखित नियमहरु लागु हुनेछन्।

अध्यक्ष

## अनुसूची ३

(दफा ६ सँग सम्बन्धित)

### प्रथाजनित नियम तथा सामुदायिक आलेख (कम्यूनिटी प्रोटोकल) मा उल्लेख गर्न सकिने विषयहरु

प्रथाजनित नियम तथा सामुदायिक आलेख (कम्यूनिटी प्रोटोकल) मा देहायका विषयहरु उल्लेख गर्न सकिनेछः

१. परिचय
२. समुदायको पहिचान
३. समुदायको इतिहास
४. आदिवासी जनजाति लगायतका स्थानीय समुदाय एवं
५. प्रथाजनित नियमले ओगटेको क्षेत्र र स्रोतहरुको साध सिमाना
६. क्षेत्र तथा प्रजाति र सो सम्बन्धी परम्परागत ज्ञान
७. जैविक विविधता एवं प्राकृतिक स्रोतसँगको सांस्कृतिक सम्बन्ध
८. स्रोत व्यवस्थापन पद्धति
९. प्रथाजनित कानूनी र संस्थागत व्यवस्था,
१०. परम्परागत सामुदायिक अधिकार र दायित्व
११. स्वतन्त्र पूर्वसूचित सहमति दिने प्रक्रिया
१२. चुनौतिहरु र सम्बोधनका उपायहरु
१३. आगामी योजनाहरु
१४. अनुगमन र मूल्यांकन
१५. अनुसूचीहरु

अनुसूची ४
(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**श्याग्या संरक्षण समितिको दर्ता प्रमाणपत्र**

चुमनुब्री गाउँपालिका
गोर्खा
गण्डकी प्रदेश
नेपाल

प्रमाण पत्र नं: . मितिः

श्री...................श्याग्या संरक्षण समिति
चुमनुब्री गाउँपालिका, वडा नम्बर .....

चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकको मिति --------------------------को निर्णयानुसार श्याग्या परम्परा संरक्षण ऐन, २०७९ ले दिएको अधिकार प्रयोग गरी तहाँ श्याग्या संरक्षण समितिलाई दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

दर्ता नं: .
श्याग्या परम्परा लागु हुने क्षेत्र

- पूर्वः
- पश्चिमः
- उत्तरः
- दक्षिणः

घरधुरीको संख्या:
कुल जनसंख्या:

प्रमाण पत्र दिने अधिकृतको
नामः
दर्जाः
दस्तखतः
मितिः

यो प्रमाण पत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाण पत्र लिन पचास रुपैंयाँ लाग्नेछ।

अनुसूची ५
(दफा ८ सँग सम्बन्धित)

**श्याग्या संरक्षण समितिको साझा चिन्ह**

श्याग्या संरक्षण समितिको साझा चिन्ह देहाय बमोजिम रहेको छः

**द्रष्टव्यः** नाम र ठेगाना मात्र परिवर्तन गरी हाल श्याग्या संरक्षण समितिले प्रयोग गर्दै आएको चिन्हलाई नै सबै श्याग्या संरक्षण समितिले साझा चिन्हको रुपमा प्रयोग गरिनेछ ।

आज्ञाले
मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत